नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

पत्र संख्याः-
चलानी नं.:-

# पोषण सेवा विस्तार अभियान सम्बन्धी विश्व सम्मेलन, २०१९
# (Scaling Up Nutrition Movement Global Gathering, 2019)

## प्रेस विज्ञप्ति

हाल विश्वमा ५ बर्षमुनिका प्रत्येक ३ जना बालबालिकाहरू मध्ये १ जना पुड्कोपन, ख्याउटेपन, मोटोपन जस्ता कुपोषणले ग्रसित छन्। विभिन्न तहबाट सञ्चालन गरिएका पोषणसम्बन्धी कार्यक्रमहरूलाई विश्वव्यापीरूपमा विस्तार गरी किशोरी, महिला तथा बालबालिकाहरूमा हुने सबै प्रकारका कुपोषणको अन्त्यका लागि संयुक्त राष्ट्रसंघको पहल र सदस्य राष्ट्रहरूको नेतृत्वमा Scaling Up Nutrition (SUN) को अवधारणा अभियानको रूपमा सन् २०१० बाट शुरूवात भएको हो । कुपोषणको अवस्थालाई बृहत्तररूपमा सुधार गर्न यस विश्वव्यापी अभियानमा हालसम्म ६१ राष्ट्रहरू सदस्यको रूपमा आबद्ध भएका छन्। यस अभियानले सम्वद्ध सदस्य राष्ट्रहरूमा पोषणलाई राष्ट्रिय प्राथमिकतामा राखी थप लगानीको लागि अभिप्रेरित गर्दछ। यसका लागि अभियानले पोषणको क्षेत्रमा काम गर्ने सरोकारवालाहरूको सिकाई र अनुभव आदन प्रदान गरी पोषणलाई विस्तार गर्न सन् २०१३ देखि विश्व सम्मेलनहरू आयोजना गर्दै आएको छ।

नेपाल सरकार र SUN Movement को संयुक्त आयोजनामा २०७६ कार्तिक १८ गते देखि काठमाण्डौंमा पाँचौ विश्व सम्मेलनको सुरू भएको छ। SUN सदस्य राष्ट्रहरू मध्ये SUN Global Gathering आयोजना गर्ने नेपाल दोस्रो र एसियामा पहिलो आयोजक राष्ट्र बन्न पुगेको छ। यस पाँचौ विश्व सम्मेलन कार्तिक २१ गते सम्म संचालन हुने कार्यक्रम रहेको छ ।

यस विश्व सम्मेलनको उद्घाटन माननीय उपप्रधानमन्त्री एवम् रक्षा मन्त्री श्री ईश्वर पोखरेल र गणतन्त्र आइभोरी कोष्टका महामहिम उपराष्ट्रपति Mr. Daniel Kablan Duncan द्वारा हिजो संयुक्तरूपमा भएको थियो। राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा पुष्पराज कंडेलले बहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयन मार्फत नेपाल सरकारले पोषणको मुद्दालाई उच्च प्राथमिकता दिएको बताउँदै सम्मेलनमा पाल्नुहुने अतिविशिष्ट अतिथि एवम् सम्पूर्ण सहभागीहरूमाझ स्वागत मन्तव्य राख्नुभएको उक्त कार्यक्रममा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको **"आमाको गर्भ सुरक्षित हुँदा एउटा युग सुरक्षित हुन्छ। सुनौला हजार दिनको अवधिमा गरिएको लगानीले राष्ट्रमा सुन्दर विहानी ल्याउछ भन्ने मान्यताका साथ पोषणमा पर्याप्त लगानी सुनिश्चित गरी स्वस्थ र आर्थिकरूपले उत्पादनशील मानवपूँजीको विकास गरी दीगो विकास लक्ष्य प्राप्त गर्ने दिशामा मेरो सरकार दृढसंकल्पित छ"** भन्ने भनाई सहितको भिडियो सन्देश प्रसारण भएको थियो। उद्घाटन कार्यक्रममा संयुक्त राष्ट्र संघीय बाल कोष (UNICEF) का कार्यकारी निर्देशक एवम् SUN अभियानको नेतृत्व समूहका अध्यक्ष Ms. Henrietta H. Fore र संयुक्त राष्ट्र संघका सहायक महासचिव एवम् SUN अभियानको संयोजक Ms. Gerda Verburg पनि उपस्थित हुनुहुन्थ्यो । उद्घाटन कार्यक्रममा माननीय उपप्रधान एवम् स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री उपेन्द्र यादव, माननीय मन्त्रीहरू, संघीय संसद्का माननीय सदस्यहरु, विभिन्न देशका मन्त्रीहरू, नेपालस्थित कूटनीतिक नियोगका प्रमुखहरू, विज्ञ, अभियन्ता एवम् पोषणविद्हरुको उपस्थिति रहेको थियो ।

पोषण सेवा विस्तार अभियानले आयोजना गरेका विश्व सम्मेलनहरूले पोषण प्रर्बद्धनमा महत्वपूर्ण भुमिका निर्वाह गरेका छन्। पोषण र खाद्यसुरक्षाका लागि राजनीतिक तहमा भएको प्रतिवद्धता र उपलब्धीहरूलाई संस्थागत गरेको सन्दर्भमा



फोनः ४२११००४, ४२१११०३२, ४२१११३२, फ्याक्सः ४२११७००, ईमेलः npc@npc.gov.np, वेवसाईटः www.npc.gov.np

नेपालले पोषण सेवा विस्तारका लागि विश्व सम्मेलन आयोजना गर्ने यो अवसर प्राप्त गरेको हो। यस पाँचौ विश्व सम्मेलनको नारा **'Nourishing planet and people together'-"पृथ्वी र मानवजाती दुबैका लागि पोषण"** रहेको छ ।

उद्घाटन सम्बोधनका क्रममा माननीय उपप्रधानमन्त्री एवम् रक्षा मन्त्री श्री ईश्वर पोखरेलले यस अभियानको प्रारम्भिक राष्ट्रका रूपमा नेपालले सन् २०११ देखि सक्रिय सहभागिता जनाउँदै आएको र यस अभियानप्रतिको हाम्रो प्रतिबद्धता हाम्रा राष्ट्रिय विकासका योजना, कार्यान्वयनमा रहेका कार्यक्रमहरू र नतिजाहरूले प्रतिबिम्वित गरेको बताउनुभयो। सन् २०१३ देखि कुपोषणका सबै स्वरूपहरूको अन्त्य गर्ने गरी बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनमा ल्याइएको र सरकारको नेतृत्वमा पोषण सम्बन्धी राष्ट्रिय अभियानले दातृ निकाय, विकास साझेदार, नागरिक समाज, निजी क्षेत्रलगायत सबै सरोकारवालाहरू लाई एकै ठाउँमा ल्याएको पनि बताउनु भयो । यस सम्मेलनमा हामीले हाम्रा सफलताहरू बाँड्न र हासिल गरेको एवम् नतिजाहरूलाई कसरी थप गति प्रदान गर्न सकिन्छ भन्ने बारेमा सहभागी सदस्य राष्ट्रहरूबाट सिक्न चाहेको बताउनु भयो। उहाँले यस विश्व सम्मेलनमा सहभागी सदस्य राष्ट्रहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, दातृ निकायहरू, विकास साझेदारहरू, नागरिक समाज, निजी क्षेत्रका प्रतिनिधिहरूलाई स्वागत गर्न पाएकोमा खुसी समेत व्यक्त गर्नुभयो।

यसैगरी संयुक्त राष्ट्र संघका सहायक महासचिव एवम् SUN अभियानकी संयोजक Ms. Gerda Verburg ले उपयुक्त पोषण सबै राष्ट्रहरूको आर्थिक तथा सामाजिक विकासको केन्द्रमा रहेको हुन्छ भने गरिवी निवारणको मूल तत्व पनि यही रहेको बताउनु भयो । उहाँले पोषणले हाम्रा बालबालिकाहरू, जनशक्ति र अर्थतन्त्रको भविष्यलाई सुनिश्चित गर्दछ भन्ने धारणासहित कुपोषण मुक्त समाजले दिगो विकासका १७ वटै लक्ष्यहरू हासिल गर्नमा महत्वपूर्ण योगदान पुऱ्याउने बताउनु भयो ।

संयुक्त राष्ट्र संघीय बाल कोष (UNICEF) का कार्यकारी निर्देशक एवम् SUN अभियानको नेतृत्व समूहका अध्यक्ष Ms. Henrietta H. Fore ले हामी हरेक बालबालिकाको खाद्य सुरक्षा तथा पोषणसम्बन्धी अधिकार सुरक्षित र सुनिश्चित भएको विश्व निर्माणमा विश्वास गर्ने भएकोले काठमाडौंमा भेला भएको बताउनु भयो। उहाँले सहि पोषणले स्वस्थ शरीर, मन, भविष्य र पृथ्वी निर्माणको आधार तय गर्ने धारणा राख्नु हुँदै हामी सबैले बालबालिकाको शुरूका हजार दिन र प्रौढ अवस्थाको बेलामा योगदान पुऱ्याउन सक्ने बताउनु भयो।

सम्मेलनको दोस्रो दिनको पूर्णसत्रमा 'From Kathmandu to Tokyo and Beyond-Committing to a Healthier, Better-Nourished Future' शिर्षक विषयमा सम्बोधन गर्दै माननीय परराष्ट्र मन्त्री श्री प्रदिप कुमार ज्ञवालीले SUN Movement कुपोषण अन्त्यका लागि समन्वयात्मक रूपमा अनुभव तथा ज्ञानको आदानप्रदान, स्रोत परिचालन, बहस पैरवी र संगठित हुने महत्वपुर्ण र अमूल्य साझास्थलको रूपमा रहेको बताउनु भयो । नेपालको संविधानले खाद्य र स्वास्थ्यसम्बन्धी अधिकारलाई सुनिश्चित गर्नुका साथै गरिवी र असमानता हटाउन तथा कोही पनि नछुट्न् भन्ने विश्वव्यापी सिद्धान्तमा आधारित रही प्राथमिकताका साथ लक्षित कार्यक्रमहरू अघि बढाइएको पनि बताउनु भयो । उहाँले सरकारका प्रतिवद्धताहरू मार्फत दिगो विकास लक्ष्य, विश्व स्वस्थ्य सम्मेलनका लक्ष्य र पन्धौं योजनाले लिएका लक्ष्यहरू पुरा गर्ने बताउनु भयो। सबै प्रकारका कुपोषण र भोकमरी अन्त्यका लागि लगानी अभिवृद्धि, जलवायु र वातावरणीय संकटहरूलाई सामना गर्न उच्च तहको राजनैतिक प्रतिवद्धता, पोषण संवेदनशील र पोषण लक्षित अनुसन्धान र विकासलाई प्राथमिकता, सचेतना र सुसूचित गर्ने कुरा बताउनु भयो। यस सम्मेलनले जलवायु परिवर्तन, परिवर्तित जीवनशैली र खानपानका कारण उत्पन्न



फोनः ४२११००४, ४२१११०३२, ४२१११३२, फ्याक्सः ४२११७००, ईमेलः npc@npc.gov.np, वेबसाईटः www.npc.gov.np

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

पत्र संख्याः-
चलानी नं.:-

पोषणसँग सम्बन्धित चुनौतीहरूलाई सामना गर्न सरकारको प्रतिबद्धता दोऱ्याउने अवसर प्रदान गरेको बताउनु भयो। सन् २०२० सम्ममा नेपाल सरकारले प्रशोधित र प्याकेज खाद्य सामग्रीका कारण, खासगरी शिशु आहार, सुक्ष्म पोषणतत्वहरूको कमी र मोटोपन/बढी तौलका कारण हुनसक्ने नकरात्मक प्रभावहरू अन्त्य गर्नेगरी नीतिगत व्यवस्थाहरू गर्ने बताउनु भयो ।

नेपालको तर्फबाट यस सम्मेलनमा संघीय तथा प्रदेश सरकारका उच्च पदस्थ पदाधिकारीहरू, सम्बन्धित मन्त्रालय तथा विभागका प्रमुख तथा प्रतिनिधिहरू, स्थानिय सरकारका प्रमुख तथा प्रतिनिधिहरू, विकास साझेदार, प्राज्ञिक समुह, निजी क्षेत्र तथा पोषण अभियन्ता लगायत प्रतिनिधिहरूको सहभागिता रहेको छ।

सम्मेलनको अन्तिम तथा चौथो दिन माननीय उपप्रधान एवम् स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री उपेन्द्र यादव, कृषि तथा पशुपन्छी विकास मन्त्री श्री चक्रपाणी खनाल र अर्थमन्त्री डा. युवराज खतिवडाले सम्बोधन गर्ने कार्यक्रम रहेको छ । यस सम्मेलनमा सहभागी प्रतिनिधी, स्रोत व्यक्ति, साझेदार, पर्यवेक्षक र स्वयंसेवक गरी विश्वका विभिन्न १०१ देशबाट गरी करिव १ हजार २ सय जनाको सहभागिता रहेको छ। यसैगरी सम्मेलन अवधिभर ४ वटा पूर्णसत्र (प्लेनरी) र २५ वटा कार्यशालाहरू रहेका छन् ।

यस सम्मेलनबाट सदस्य राष्ट्रहरू बीचमा असल पोषण अभ्यास तथा सिकाईका अनुभव आदान प्रदान हुने, पोषणका क्षेत्रमा प्राप्त भएको उपलब्धिहरूको समीक्षा तथा लक्ष्य अनुसारको रणनीति तयार गर्न अवसर प्राप्त हुने, पोषण सुधारका लागि बहुपक्षीय तथा द्विपक्षीय छलफल र सहकार्यको वातावरण तयार हुने, दिगो विकास लक्ष्य अन्तरगतका कुपोषणका सूचकहरूमा लक्ष्य अनुसार प्रगति प्राप्त गर्न सहकार्य हुने र कुपोषण न्यूनीकरणका लागि सदस्य राष्ट्रहरूबाट थप प्रतिबद्धता हुने, नेपालमा कुपोषण न्युनीकरणमा सहकार्यका लागि सम्भावित साझेदारहरूको पहिचान गर्न र सहकार्यको लागि अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ ।

(डा. किरण रुपाखेती)
सहसचिव एवम् प्रवक्ता
राष्ट्रिय योजना आयोग

मितिः २०७६ साल कार्तिक १९ गते, मंगलबार



फोनः ४२११००४, ४२१११०३२, ४२१११३२, फ्याक्सः ४२११७००, ईमेलः npc@npc.gov.np, वेवसाईटः www.npc.gov.np